# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ७ संख्या : २ भदौ १८, २०८१

## भाग-२

# गुल्मीदरबार गाउँपालिकाका अविवाहित नागरिकको लागि भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/१८
प्रमाणीकरण मितिः २०८१/०५/१८

**प्रस्तावनाः**

गुल्मीदरबार गाउँपालिका अन्तर्गत रहेका सामाजिक सुरक्षा कार्यक्रममा नसमेटिएका अविवाहित नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गने उद्धेश्यले जिवन निर्वाह भत्ता वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी भत्ता वितरणलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाले यो अविवाहित नागरिक भत्ता वितरण सम्बन्धी कार्यविधि २०८१ बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "गुल्मीदरबार गाउँपालिका अविवाहित नागरिक भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

१. **"गाउँपालिका"** भन्नाले गुल्मीदरबार गाउँपालिकालाई सम्झनु पर्छ ।

२. **"गाउँ कार्यपालिका"** भन्नाले गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ।

३. **"अविवाहित नागरि**क" भन्नाले महिलाको हकमा ४० वर्ष उमेर पुरा भई विवाह नगरेको महिलालाई सम्झनु पर्नेछ भने पुरुषको हकमा ४५ वर्ष उमेर पुरा भई विवाह नगरेको पुरुषलाई सम्झनु पर्नेछ ।

४. **"अध्यक्ष"** भन्नाले गुल्मीदरबार गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

५. **"उपाध्यक्ष"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

६. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

७. **"वडा अध्यक्ष"** भन्नाले भत्ता पाउने सम्बन्धित व्यक्तिको वडाको वडा अध्यक्ष सम्झनु पर्छ ।

८. **"वडा समिति"** भन्नाले भत्ता पाउने सम्बन्धित व्यक्तिको वडा समिति सम्झनु पर्छ।

९. **"कार्यविधि"** भन्नाले गुल्मीदरबार गाउँपालिकाको अविवाहित नागरिक भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१ लाई जनाउनेछ।

**३. अविवाहित नागरिकले भत्ता पाउने :-** (१) देहाय बमोजिमका नागरिकले मात्र अविवाहित भत्ता पाउन योग्य हुनेछ :

(क) नेपाली नागरिक,

(ख) गुल्मीदरबार गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

(ग) महिलाको हकमा ४० वर्ष पुरा भई विवाह नगरी बसेको र पुरुषको हकमा ४५ वर्ष उमेर पुरा भई बिबाह नगरेको।

**४. अविवाहित नागरिकले भत्ता नपाउने:-** (१)अविवाहित भत्ता पाउन दफा (३) बमोजिम योग्यता पुगेको भएतापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको अविवाहित भत्ता पाउने छैन :

(क) कुनै सरकारी वा सार्बजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,

(ख) सरकारी कोषबाट निवृत्तभरण पाइरहेका नागरिक,

(ग) प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता वा अन्य कुनै पनि प्रकारको सुविधा प्राप्त गरिरहेका नागरिक।

**५. अविवाहित नागरिक भत्ता रकम वितरण:** (१) अविवाहित नागरिकले गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको भत्ता पाउनेछन ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयको माग तथा सिफारिसका आधारमा गाउँपालिकाले प्रत्येक त्रैमासिक रुपमा बैंक मार्फत स्वयं व्यक्तिको बैंक खाता मार्फत वितरण गरिनेछ।

६. **निवेदन दिनुपर्नेः** (१) दफा (३) बमोजिमको अविवाहित नागरिक भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिम निबेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

(ख) अविवाहित प्रमाण पत्र

(ग) बैंक चेकबुकको प्रतिलिपी

(घ) पासपोर्ट साईजको फोटो २ प्रति

(३) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारवाही गरि निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्दा अविवाहित नागरिक भत्ता नपाउने देखिएमा कारण खुलाई सो को लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कारवाही गर्दा अविवाहित नागरिक भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ ।

७. **परिचय-पत्र** : (१) यस कार्यविधि बमोजिम अविवाहित नागरिक भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची (२) बमोजिम परिचय-पत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचय-पत्र नलिएका नागरिकले अविवाहित नागरिक भत्ता पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु. २००/- दस्तुर संलग्न गरि कार्यालयमा अनुसूची (३) बमोजिमको निवेदन दिई प्रतिलिपि लिन सकिनेछ।

(४) अविवाहित नागरिक भत्ता पाउने लाभग्राहीले प्रत्येक आ.ब.को भदौ मसान्त भित्र देहायका कागजात सहित परिचयपत्र नविकरणको लागि सम्वन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई निवेदन दिनुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

(ख) सम्वन्धित वडा कार्यालयको अविवाहित प्रमाणित

(घ) पासपोर्ट साईजको फोटो १ प्रति

(ख) बैंक चेकबुकको प्रतिलिपी (बैंक खाता परिवर्तन भएको अवस्थामा)

८. **अभिलेख राख्नु पर्ने :** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम अविवाहित नागरिक भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको अविवाहित नागरिक भत्ताको अभिलेख अनुसूची (४) बमोजिम राख्नु पर्नेछ ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची (५) बमोजिम राख्नु पर्नेछ ।

९. **अभिलेखबाट नाम हटाउने :** (१) गाउँपालिकाले देहायको अविवाहित नागरिक भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछ :

क. अविवाहित नागरिकले विवाह गरेमा,

ख. बसाईसरी अन्यन्त्र गएमा,

ग. प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लगायत अन्य सेवा सुविधा लिएमा,

घ. निजको मृत्यु भएमा ।

१०. **कसुर र सजाय :** (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछः

क. विवरण ढाँटी अविवाहित नागरिक भत्ता लिएमा

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

११. **अनुगमन सम्बन्धि ब्यवस्था :** (१) अविवाहित नागरिक भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन गाउँपालिकाका उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाका कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१२. प्रतिबेदन दिनु पर्नेः** (१) अविवाहित नागरिक भत्ता वितरण गरेको विवरण वडा कार्यालयले त्रैमासिक रुपमा गाउँपालिकालाई दिनु पर्नेछ ।

**१३. संसोधनः** (१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संसोधन गर्न सकिनेछ ।

**१४. बाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधि कार्यन्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१५. बचाउ तथा खारेजी :** (१) यस कार्यविधि लागु हुनु भन्दा अगावै भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

(दफा ६ को उपदफा १ संग सम्बन्धित)

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

श्रीमान् वडा अध्यक्ष ज्यू, मितिः ....................

......नं वडा कार्यालय गुल्मीदरबार गाउँपालिका गुल्मी

विषय : नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक अविवाहित नागरिक भत्ता वितरण सम्बन्धि कार्यविधि, २०८१ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरि दिनु हुन देहायको विवरण सहित यो निवेदन पेस गरेको छु ।

**व्यक्तिगत विवरण :**

नाम, थर : ....................... ................ .............

बाबु / आमाको नाम र थरः ....................... ................ .............

जन्म मिति (बि.स) : ....................... ................ .............

स्थायी ठेगाना : ....................... ................ .............

ना.प्र.नं. ....................... ................ .............

जारी मिति : ....................... ................ .............

**फोटो**

**संग्लग्न कागजात**

१ निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि

२ अविवाहित प्रमाण पत्रको प्रतिलिपी

३ फोटो २ प्रति

(मैले राज्यकोषबाट कुनै पारिश्रमिक, निवृतभरण, सामाजिक सुरक्षा भत्ता ,कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठिक साँचो हो झुट्टा ठहर भएमा साहुँला बुझाउला)

निवेदक हस्ताक्षर

**सम्बन्धित वडा कार्यालयले भर्ने :**

दर्ता नं

निवेदन रुजु गर्नेको नाम, थर र पद :

दर्ता मिति :

सहिः

**गाउँपालिकाको कार्यालयले भर्नेः**

नाम दर्ता गर्ने निर्णय मितिः. ................

विवरण भर्नेको नाम, थर र पद...

परिचय पत्र नं :

सहि :

भत्ता पाउने सुरु आ.व. २०.............

कार्यालयको छाप :

अनुसूची २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

परिचय पत्रको नमुना

स्थानीय सरकार

गुल्मीदरबार गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालय

गौडाकोट गुल्मी , लुम्बिनी प्रदेश,

**अविवाहित नागरिक परिचय- पत्र**

परिचय-पत्र नं. ...........................................

नाम,थर . ...................................................................

नेपाली नागरिकता प्रमाण-पत्र नं. ..............................................

ठेगाना : .................................

जन्ममितिः-

बाबुको नाम थरः-

प्रमाणित गर्नेः

नाम थरः-

पदः-

मिति

**नविकरणको विवरण**

| सि.नं. | नविकरण मिति | नविकरण अवधी | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ३

(दफा ७ को उपदफा ३ संग सम्बन्धित)

प्रतिलिपी पाउँ भनि दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गौडाकोट गुल्मी

विषय : परिचय-पत्रको प्रतिलिपी पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको अविवाहित नागरिक परिचय- पत्र हराएको /प्रयोग गर्न नमिल्ने भएको हुँदा अविवाहित नागरिक भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपी दस्तुर साथै राखेको छु अविवाहित नागरिक परिचय पत्रको प्रतिलिपी पाउँ भनी अनुरोध गर्दछु ।संलग्न

**कागजात :**

१. नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

२. एक प्रति फोटो

निवेदक

नाम,थर :

पुरा ठेगाना :

सम्पर्क नं. :

हस्ताक्षरः-

अनुसुची-४

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

अविवाहित नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको मुल अभिलेख

गाँउपालिका .....................आर्थिक वर्ष................किस्ता..........

| सि.न. | प.प.न. | नामथर | जन्ममिति | उमेर | वडा नं. | ना.प्र.प न. | मासिक भत्ता | जम्मा पाउने रकम | बैंकको नाम | खाता न. | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसुची-५

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

अविवाहित नागरिकको भत्ता सम्बन्धि निवेदनको अभिलेख

गाँउपालिका .....................वडा नं.................आर्थिक वर्ष..........

| सि.न. | निवेदन नं | निवेदकको नाम | निवेदन दर्ता भएको मितिः | उमेर | जन्म मिति (बि.स.) | नागरिकता नं र जारी भएको मितिः | निवेदन उपर भएको कारवाही | निवेदन उपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आज्ञाले**

भेषराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत